अदालतले भर्ने ..........
दर्ता नं. .....................
दर्ता मिति ……..........…

# श्री काठमाडौं जिल्ला अदालतमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ वमोजिम दायर गरेको

## अभियोग पत्र

## २०८२/०८३ सालको निर्णय नम्बरः

परिवर्तित नाम साईबर ब्यूरो १४ (२०८२/०८३) **को** जाहेरीले नेपाल सरकार**..........................................** **वादी**

**विरुद्ध:**

ध्वज महरको नाती, राम बहादुर महरको छोरा, सुदूरपश्चिम प्रदेश, बझाङ जिल्ला, जयपृथ्वी नगरपालिका वडा नं.७ भई हाल काठमाडौं जिल्ला काठमाडौं महा-नगरपालिका वडा नं.४ बाँसबारी बस्ने ना.प्र.नं.१६०/१४२१२, (बझाङ) बाहक बर्ष ४१ को **ऐन महर भन्ने ऐन बहादुर महर.....................१** **प्रतिवादी**

## मुद्दाः विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन अन्तर्गतको कसूर ।

**मुद्दाको संक्षिप्त तथ्यः**

१. **परिवर्तित नाम साईबर ब्यूरो १४ (२०८२/०८३) को जाहेरी दरखास्त:**

मेरो बहिनीले सामाजिक सञ्जाल फेसबुक चलाउने क्रममा URL : https://www.facebook.com/ain.mahar.5 भएको Facebook Account प्रयोगकर्ता अन्यायी ऐन महर भन्ने ऐन बहादुर महरले एउटी महिला साथमा राखी ति महिला र निज अन्यायी ऐन महरले म जाहेरवालीको चरित्रहत्या हुने गरी ५१. मिनेट ४७ सेकेन्डको फेसबुक लाइभ आई भिडियोमा तथानाम विभिन्न अनावश्यक आरोप लगाउँदै चरित्रहीन पेसेवर महिला मानसिक रोगी यस्ताबाट बच्नु होला मैले यसलाई यति छोएको पनि छैन विभिन्न व्यक्तिहरूको योजनामा परिचालित भई मलाई मेरो सामाजिक राजनीतिक जीवन ध्वस्त गर्न खोजेको भनि मेरो कुनै पनि सम्बन्ध नभएका विभिन्न व्यक्तिहरूको नाम समेत जोडी साथै मेरो सम्बन्ध विच्छेद भइसकेको पूर्वपति र नाबालक छोरालाई समेत जोडी परिवर्तित नाम साइबर ब्यूरो १४ (२०८२/०८३) ले हामी सबैलाई बलात्कार गर्यो भनि ५१ मिनेट ४७ सेकेन्डको भिडियोमा पुरै चरित्रहत्या गरी बोलेको साथै अन्य व्यक्तिलाई पनि चरित्रहिन पेशवेर महिला भन्दै म्यासेजहरु पठाउने विभिन्न स्टाटस समेत लेखी निज अन्यायी ऐन महरले मेरो चरित्र हत्या गरेको

मेरो बहिनीले भनेपछि थाहा पाई प्रस्तुत जाहेरी दरखास्त दिएकी छु आफ्नो न्यायको लागि निकै सडक संघर्ष गर्दै अनसन समेत बसेकी म निज व्यक्तिबाट म स्वयं बलात्कार जस्तो जघन्य अपराधको पीडित समेत रहेको हुँदा मेरो इज्जत अस्मिता लुटी मैरै चरित्रहत्या बेइज्जती बदनाम घृणा फैलाउने, दुःख हैरानी दिने मलाई थप शारीरिक मानसिक पीडा दिई मेरो व्यक्तिगत पारिवारिक जीवनमा गम्भीर असर परेको हुँदा निजलाई विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम हदैसम्मको सजाय गरी निजले उल्लेखित कार्यको कारण मैले भोग्नु परेको मानसिक यातनाको उचित मूल्याङ्कन गरी निज कसुरदारबाट मानसिक क्षतिपूर्ति समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको परिवर्तित नाम साइबर ब्यूरो १४ (२०८२/०८३) को जाहेरी दरखास्त।

२. **<u>खानतलासी तथा बरामदी मुचुल्का:</u>**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२७ स्थित पुर्वमा दरवार हाईस्कुल,पश्चिममा हेरिटेज बुक्स ट्रेलर्स रहेको पक्की घर, उत्तरमा ललितकला क्याम्पस र दक्षिणमा Umas Fashion Wear रहेको घर यति चार किल्ला भित्र दक्षिण मोहडा भई बनेको नेपाल प्रहरी प्रधान कार्यालय साईबर ब्यूरोको भवन रहेको उक्त भवनको दक्षिण तर्फको मुलद्धारबाट कार्यालय प्रवेश गर्दा बायाँपट्टी डिउटी अधिकृत कक्ष रहेको सोही कक्ष अगाडी बसिरहेको अबस्थामा प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरलाई फेलापारी रितपुर्वक खानतलासी पुर्जी दिई निजको शरिर समेतको तलासी लिंदा बिद्युतीय कारोवार कसुर मुद्धामा प्रमाण लाग्ने कुनै पनि दशी प्रमाणहरू फेला नपरेको स्थानको चार किल्ला सहितको खानतलासी बरामदी मुचुल्का।

३. **<u>प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरको बयानः</u>**

परिवर्तित नाम १४ (२०८२।०८३) ले मेरो विरुद्दमा दिएको जाहेरी दरखास्तको व्यहोरा झुठ्ठा हो । जाहेरी दरखास्तमा उल्लेख गरे बमोजिम मैले मेरो सामाजिक संजाल फेसबुकबाट निजको चरित्र हत्या हुने प्रकारको कुनै पनि सामग्री पोष्ट/अपलोड गरेको छैन। जाहेरीसाथ संलग्न फेसबुक पोष्टको स्क्रिन सटको प्रिन्ट प्रति मेरो आधिकारिक फेसबुक आई.डी.बाट पोष्ट भएको हैन । जाहेरवालाले मेरो सामाजिक तथा राजनीतिक रुपमा चरित्र हत्या गर्ने उद्देश्यले सामाजिक संजालमा तथानाम कुराहरु लेख्ने, मेरो राजनीतिक चरित्र हत्या गर्ने, धाक धम्की दिई मेरो परिवारका सदस्यलाई समेत ब्ल्याकमेल गरी आपराधिक लाभ लिई केही रकम समेत लिनुखानु गरेको हुँदा मैले निज विरुद्द आपराधिक लाभ सम्बन्धी कसुरमा जिल्ला प्रहरी परिसर काठमाण्डौमा जाहेरी दिई उक्त जाहेरी उपर अनुसन्धान भई जाहेरवाला उपर काठमाण्डौ जिल्ला अदालतमा आपराधिक लाभ मुद्दाको अभियोग दर्ता भई मुद्दा हाल विचाराधिन अवस्थामा रहेको छ। उक्त मुद्दाको मुद्दा नं.०८१–C१–३२९४ हो। मैले निज विरुद्द उक्त मुद्दाको जाहेरी दरखास्त दर्ता गरेको कारण निजले व्यक्तिगत रिसईबी, प्रतिशोध लिई सामाजिक संजाल फेसबुकमा लाईभमा आई मेरो श्रीमती, छोरी समेतको चरित्र हत्या गर्ने, अपमान गर्ने, घृणा फैलाउने कार्य गरेपछि मेरो श्रीमतीले सो सामग्रीको विषयमा प्रहरी बृत सिंहदरवारमा विद्युतीय कारोबार सम्बन्धी ऐन अन्तर्गतको कसुरमा जाहेरी दिई उक्त मुद्दा समेत काठमाण्डौ जिल्ला अदालतमा विचाराधिन अवस्थामा रहेको छ । उक्त मुद्दाको मुद्दा नं.०८१–C२–०१२५ हो । उक्त मुद्दा दायर गरेको रिसईबी तथा प्रतिशोध साँध्न आफै मेरो फेक आई.डी.बनाउन लगाई उक्त सामग्री पोष्ट गरेको हुनुपर्छ। मैले विद्युतीय कारोबार ऐन अन्तर्गतको कसुर हुने कुनै पनि सामग्री जाहेरवालाको विरुद्दमा पोष्ट नगरेको हुँदा रिसईबी, साँध्न, प्रतिशोध पुरा गर्न कपोकल्पित, भ्रमपूर्ण एवं झुठ्ठा जाहेरी दिएको अवस्था हो । मलाई अनावश्यक दुःख, हैरानी गर्न प्रस्तुत जाहेरी दिएको हुँदा उक्त जाहेरी बमोजिम कारबाही हुनुपर्ने होईन। जाहेरीको व्यहोरा पूर्ण रुपमा झुठ्ठा हो।

निजले दिएको जाहेरी सम्बन्धमा अनुसन्धानको लागि म आज यस कार्यालयमा आफ्नो भए गरेको कुराको बारेमा बयान दिन उपस्थित भएको हुँ भन्ने ब्यहोरा प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरको बयान ।

**४. बुझिएका मानिसहरुले गरिदिएको घटना विवरण कागज:**

**(क) परिवर्तित नाम साईबर ब्यूरो १४(ग) (२०८२/०८३) को कागज:**

प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरले प्रयोग गर्ने सामाजिक सञ्जाल Facebook profile Name: Ain Mahar (URL : https://www.facebook.com/ain.mahar.5) नामको एकाउण्टबाट मेरो दिदी पीडित जाहेरवालाको नाम जोडी " प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरले ५१. मिनेट ४७ सेकेन्डको फेसबुक लाइभ आई भिडियोमा तथानाम विभिन्न अनावश्यक आरोप लगाउँदै चरित्रहीन पेसेवर महिला मानसिक रोगी यस्ताबाट बच्नु होला मैले यसलाई यति छोएको पनि छैन विभिन्न व्यक्तिहरूको योजनामा परिचालित भई मलाई मेरो सामाजिक राजनीतिक जीवन ध्वस्त गर्न खोजेको" भन्ने लगायतका शब्दहरू लेखी लाईभमा समेत बोली मेरो दिदीको व्यक्तीगत चरित्र हत्या, बेज्जती, बदनाम, घृणा फैलाउने, दुःख हैरानी दिने कार्य गरी मानहानी, सामाजिक प्रतिष्ठामा आँच आउने गरेको कुरा मैले चलाउदै आएको सामाजिक सञ्जाल Facebook Profile Name; Harka Dhami (https://www.facebook.com/harka.dhami.90) मा देखी सो घट्नाको बारेमा जानकारी गराएपछी मेरो दिदी पीडित जाहेरवालाले हुलाक मार्फत निज ऐन महर भन्ने ऐन बहादुर महर बिरुद्ध जाहेरी दरखास्त दिनु भएको हो । यसले गर्दा निज दिदीको व्यक्तिगत पारिवारिक जिवनमा समेत गम्भीर असर पर्नगई आत्महत्या गर्ने अवस्था समेत सृजना भएको थियो । त्यसरी निज दिदीको अपमान, व्यक्तीगत चरित्र हत्या, बेज्जती, बदनाम, घृणा फैलाउने, दुःख हैरानी दिने कार्य गरी मानहानी, सामाजिक प्रतिष्ठामा आँच आउने गरि मानसिक रुपमा पिडा यातना दिई व्यक्तीगत पारिवारिक जिवनमा समेत गम्भीर असर पुऱ्याउने प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरलाई कानून बमोजिम हदै सम्मको कारवाही गरी पाउँ भन्ने ब्यहोराको घट्ना बिबरण कागज ।

## अभियुक्त उपरको अभियोगः

यसमा नेपाल प्रहरी प्रधान कार्यालय साइवर व्यूरो भोटाहीटी, काठमाडौंबाट अनुसन्धान भई निर्णयार्थ पेश हुन आएको परिवर्तित नाम साईबर ब्यूरो १४ (२०८२/०८३) को किटानी जाहेरी दरखास्त र संलग्न कागजातहरु, पक्राउ प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरको बयान, बुझिएका मानिस परिवर्तित नाम साईबर ब्यूरो १४ (ग) (२०८२।०८३) को घटना विवरण कागज समेतका आधार प्रमाणहरुबाट प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरले प्रयोग गर्ने सामाजिक सञ्जाल **Facebook Profile Name: Ain Mahar (URL : https://www.facebook.com/ain.mahar.5)** मा कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यममा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु **Post, Upload** गरी, पीडितलाई दु:ख, हैरानी गर्ने तथा समाजमा पीडितको अपमान गर्ने चरित्रहत्या गर्ने किसिमको अमर्यादित कार्य गरी विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसूर गरेको वारदात स्थापित हुन आयो ।

**अब प्रतिवादीले के कुन कसुर गरेका हुन र निज प्रतिवादी उपर के कस्तो सजायको मागदावी लिई अभियोजन गर्ने भनी बिचार गर्दा**, Facebook Profile Name: Ain Mahar (URL : https://www.facebook.com/ain.mahar.5) भएको आई.डी बाट मेरो चरित्रहत्या हुने किसिमले बिभिन्न

स्टाटसहरू हाल्नुका साथै भिडियोमा समेत बोली विद्युतीय कारोबार ऐन,२०६३ अन्तर्गतको कसूर गरेकोले कारबाही गरी पाँऊ भन्ने समेत व्यहोराको पीडित परिवर्तित नामथर १४ (२०८२/०८३) को किटानी जाहेरी दरखास्त रहेकोमा, प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा, मैले मेरो सामाजिक संजाल फेसबुकबाट निज जाहेरवालाको चरित्र हत्या हुने प्रकारको कुनै पनि सामग्री पोष्ट/अपलोड गरेको छैन । जाहेरीसाथ संलग्न फेसबुक पोष्टको स्क्रिन सटको प्रिन्ट प्रति मेरो आधिकारिक फेसबुक आई.डी.बाट पोष्ट भएको होइन। जाहेरवालाले मेरो सामाजिक तथा राजनीतिक रुपमा चरित्र हत्या गर्ने उद्देश्यले सामाजिक संजालमा तथानाम कुराहरु लेख्ने, मेरो राजनीतिक चरित्र हत्या गर्ने, धाक धम्की दिई मेरो परिवारका सदस्यलाई समेत ब्ल्याकमेल गरी आपराधिक लाभ लिई केही रकम समेत लिनुखानु गरेको हुँदा मैले निज विरुद्द आपराधिक लाभ सम्बन्धी कसुरमा जिल्ला प्रहरी परिसर काठमाडौंमा जाहेरी दिई उक्त जाहेरी उपर अनुसन्धान भई जाहेरवाला उपर काठमाण्डौ जिल्ला अदालतमा आपराधिक लाभ मुद्दाको अभियोग दर्ता भई मुद्दा हाल विचाराधिन अवस्थामा रहेको छ। उक्त मुद्दाको मुद्दा नं.०८१–C१–३२९४ हो। मैले निज विरुद्द उक्त मुद्दाको **जाहेरी दरखास्त** दर्ता गरेको कारण निजले व्यक्तिगत रिसईबी, प्रतिशोध लिई सामाजिक संजाल फेसबुकमा लाईभमा आई मेरो श्रीमती, छोरी समेतको चरित्र हत्या गर्ने, अपमान गर्ने, घृणा फैलाउने कार्य गरेपछि मेरो श्रीमतीले सो सामग्रीको विषयमा प्रहरी बृत सिंहदरवारमा विद्युतीय कारोबार सम्बन्धी ऐन अन्तर्गतको कसुरमा जाहेरी दिई उक्त मुद्दा समेत काठमाडौं जिल्ला अदालतमा विचाराधिन अवस्थामा रहेको छ भनि आफुले जाहेरी दरखास्तमा उल्लेखित कसूर गरेको छैन भनि ईन्कारी बयान गरेकोमा निजको ईन्कारी बयान निज उपरको किटानी जाहेरी दरखास्त, घटना विवरण कागज गर्नेले गरिदिएको कागज समेतबाट खण्डित भएको छ।

प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरले प्रयोग गर्ने सामाजिक सञ्जाल फेसबुक प्रोफाईल नाम Ain Mahar (URL: https://www.facebook.com/ain.mahar.5) बाट जाहेरवालालाई व्यक्तिगत पारिवारिक जिवनमा समेत गम्भीर असर पर्नगई आत्महत्या गर्ने अवस्था समेत सृजना भएको थियो। त्यसरी निज जाहेरवालालाई हैरानी गर्ने, अपमान गर्ने, दु:ख, हैरानी दिने मनसायले अश्लिल शब्दहरु प्रयोग गरी स्टाटसका साथै भिडियोमा समेत बोली अमर्यादित कार्य गरेको हुँदा प्रतिवादीलाई हदै सम्मको सजाय गरी पीडितलाई मनासिव क्षतिपुर्ति भराइनुपर्छ भनि पीडित जाहेरवालाको बहिनी परिवर्तित नाम साईबर ब्यूरो १४ (ग) (२०८२/०८३) ले खुलाई लेखाई दिएको घटना विवरण कागज समेतको आधारमा प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरले जाहेरवाला विरुद्ध विद्युतीय कारोबार अन्तर्गतको कसूर गरेको देखिन आयो।

अत: मिसिल संलग्न आधार प्रमाणहरूबाट विरूद्ध खण्डमा उल्लेखित प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरले प्रयोग गर्ने सामाजिक सञ्जाल फेसबुक प्रोफाईल नाम **Ain Mahar (URL : https://www.facebook.com/ain.mahar**.5) मा कम्प्युटर**,** इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यममा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु **Post, Upload** गरी**,** पीडितलाई दु:ख**,** हैरानी दिने तथा समाजमा पीडितको अपमान गर्ने चरित्रहत्या गर्ने किसिमको अमर्यादित कार्य गरी निज प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरले बिद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन**,** २०६३ को दफा ४७ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आयो।

## अभियुक्तलाई हुनुपर्ने सजायः

प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरले बिद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन**,** २०६३ को दफा ४७ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरलाई सोही दफा ४७ को उपदफा (१) बमोजिम सजाय हुन समेतको अभियोग मागदावी लिई सक्कल मिसिल यसै अभियोगपत्र साथ पेश गरिएको छ।

**अनुपस्थित** प्रतिबादी ऐन महर भन्ने ऐन बहादुर महर**को** हकमा **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ वमोजिम** पक्राउ पूर्जि जारी गरी पाउँ।

**सजाय कम वा सजायमा छुटको मागदावी र आधारः×**

**क्षतिपुर्तिको माग दावीः**

**बिद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ७६ बमोजिम** प्रतिवादी ऐन महर भन्ने ऐन बहादुर महरबाट जाहेरवाला पीडितलाई मनासिव क्षतिपुर्ति भराईदिन मागदाबी लिईएको छ।

साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन अनुरोध छ।

## अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः

**विद्युतीय (इलोक्ट्रोनिक)कारोवार ऐन, २०६३ को दफा ४७. विद्युतीय स्वरुपमा गैरकानूनी कुरा प्रकाशन गर्नेः**

**(१)** “कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदाय बीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने, महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय।

**ऐ ऐनको दफा ७६ क्षतिपूर्ति भराउनुपर्नेः**यस ऐन बमोजिम कसुर गरेको कारणबाट कसैलाई कुनै किसिमको हानि नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति समेतकसूरदारबाट भराई दिनुपर्नेछ।

**अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः**

प्रस्तुत मुद्दाको वारदातमा अन्य कोही कसैको संलग्नता रहेको भनी पछि खुलि आएका बखत मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ३५ बमोजिम थप दावी लिई अभियोग दायर गरिने छ।

**सबुद प्रमाणः**

**दसी प्रमाण तथा कसूरसँग सम्बन्धित चिज वस्तुः**

(क) जाहेरवालाले जाहेरी दरखास्तसाथ पेश गरेका कागजातहरु मिसिल संलग्न रहेको।

(ख) जाहेरवालाले पेश गरेको पेनड्राईभ थान-१ (एक) मिसिल संलग्न रहेको ।

**गवाह** **: जाहेरवाला:** परिवर्तित नाम साईबर ब्यूरो १४ (२०८२/०८३)।

**देख्ने/सुन्ने** **: बुझिएका मानिस**: परिवर्तित नाम साईबर ब्यूरो १४(ग) (२०८२/०८३) ।

**प्रस्तुत कागजपत्रहरुः**

१. मिति २०८२/०४/१४ गतेको जाहेरवालाले हुलाक मार्फत पठाउनु भएको जाहेरी दरखास्त समेत पाना – १८ र पेनड्राईभ थान – १ ।
२. मिति २०८२।०५।०४ गतेको सनाखतको लागि उपस्थित हुन लेखिएको पत्र पाना – १ ।
३. ऐ. ८ गतेको सनाखत कागज समेत पाना – ३ ।
४. पीडितको नामथर वतन गोपनियता कायम गरिएको कागज पाना – ३ ।
५. गोप्य कागजातहरु रहेको खाम थान १ (एक) (उच्च अदालत पाटनको पत्र,सक्कल जाहेरी दरखास्त लगायतका कागजातहरू पाना ४,उपस्थित हुन लेखिएको पत्र, सनाखत मुचुल्का कागज पाना-२,नाम परिवर्तन गरिएको मुचुल्का पाना ३ समेत जम्मा पाना-११) ।
६. ऐ. मितिको अनुसन्धान अधिकारी तोकिएको पत्र समेत पाना – २ ।
७. ऐ. मितिको जाहेरी दर्ताको भरपाई कागज पाना – १ ।
८. 24th August 2025 मा OCPA माग गरिएको पत्र पाना – १ ।
९. ऐ. मितिको प्रारम्भिक अनुसन्धान पठाईएको पत्र पाना – १ ।
१०.ऐ. ९ गतेको पक्राउ अनुमतीको लागि लेखिएको पत्र र अनुमती समेत पाना – १ ।
११.ऐ. १० गतेको मानिस पक्राउको लागि लेखिएको पत्र पाना – १ ।
१२.ऐ.मितिको नेपाल राष्ट्र बैंकलाई लेखिएको पत्र पाना-१ ।
१३.ऐ.मितिको मालपोत कार्यालयलाई लेखिएको पत्र पाना-१ ।
१४.ऐ. ११ गतेको पक्राउ पुर्जी, खानतलासी पुर्जी , बरामदी खानतलासी मुचुल्का र दाखिला प्रतिवेदन समेत पाना – ६ ।
१५.ऐ. मितिको स्वास्थ्य परीक्षणको लागि लेखिएको पत्र र रिपोर्ट समेत पाना-२ ।
१६.ऐ गतेको थुनुवा पुर्जी पाना-१
१७.ऐ.मितिको प्रतिवादीलाई बयान कार्यको लागि उपस्थित गराईएको पत्र पाना-१ ।
१८.ऐ. मितिको प्रतिवादीको बयान कागज समेत पाना-६ ।
१९.ऐ.मितिको पहिलो पटक म्यादथपको लागि लेखिएको पत्र पाना-२
२०.ऐ मितिको जिम्मा जमानी कागज समेत पाना-२ ।
२१.ऐ.१३ गतेको परिवर्तित नाम साईबर ब्यूरो १५ (२०८२।०८३) ले गरिदिएको घट्ना बिबरण कागज समेत पाना-२।

**यो अभियोगपत्रबाट कारवाही शुरु गर्न सादर अनुरोध गरिन्छ ।**

**कार्यालयको छापः**

**सरकारी वकीलको,**
**दस्तखतः**
**नामः इन्दु बस्याल भण्डारी**
**दर्जाः सहायक जिल्ला न्यायाधिवक्ता**
**कार्यालयः जिल्ला सरकारी वकील कार्यालय,काठमाडौं ।**
**मितिः २०८२/०५/१६ गते रोज २ शुभम् ।**